**सानिमा बैंक लिमिटेडको**
**<u>बाह्रौं वार्षिक साधारणसभाको विवरण</u>**

यस बैंकका संचालकसमितिका अध्यक्ष श्री विनय कुमार श्रेष्ठको अध्यक्षतामा बि.सं.२०७३ साल आश्विन २८ गते (१४ अक्टोबर २०१६) शुक्रबार विहान ११:०० बजे देखि अपरान्ह १:०० बजेसम्म नक्साल ब्यांकेट, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पन्न भएको बाह्रौं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेकोछ ।

**१. उपस्थिति :**

**क. सभामा उपस्थित सञ्चालकहरु**

१. श्री विनयकुमार श्रेष्ठ - अध्यक्ष
२. श्री तुकप्रसाद पौडेल - सञ्चालक
३. डा.सुवर्णदास श्रेष्ठ - सञ्चालक
४. श्री भरतकुमार पोखरेल - सञ्चालक
५. श्री महेश घिमिरे - सञ्चालक
६. श्री भरतबहादुर थापा - सञ्चालक

**ख. अन्य पदाधिकारीहरु :**

१. श्री भुवनकुमार दाहाल - प्रमूख कार्यकारी अधिकृत
२. श्री रुद्रप्रसाद बन्जारा - कम्पनी सचिव

**ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

१. श्री भक्ति कुमारी राई - प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय

**घ.** यस बाह्रौं वार्षिक साधारणसभाको मितिसम्म २६७५९ (फिजिकल तथा डिम्याट समेत) जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य रहेका ।

**ङ. शेयरधनीको प्रतिनिधित्व प्रतिशत :५७.४०**

**च. गणपुरकसंख्या तथा सभाको वैधानिकता :**

यस बैंकको संचालक समितिको बि.स.२०७३ साल आश्विन ४ गते बसेको ३०५ औं बैठकको निर्णयानुसार बैंकको बाह्रौं वार्षिक साधारणसभाको सूचना बि.सं.२०७३ आश्विन ७ गते कारोबार राष्ट्रिय दैनिक र आश्विन १८ गते राजधानी दैनिकमा प्रकाशित गरि शेयरधनीहरूलाई सभावारे जानकारी गराइएको थियो । बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरकसंख्या कुल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनुपर्नेमा कुल शेयर संख्याको स्वयं उपस्थिति तथा प्रोक्सी मार्फत ५७.४० प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरकसंख्या पुगेको र कम्पनी ऐन, २०६३ अनुसार साधारणसभा बैधानिक भएको जानकारी सभालाई गराइयो ।

## २. छलफलका विषयहरु :

### क. सामान्य प्रस्ताव :

१. बाह्रौ वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ साल आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।
३. यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७२/७३ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७३/७४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।

### ख. विशेष प्रस्ताव :

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १५ (पन्ध्र) प्रतिशतका दरले वोनस शेयर र ०.७९ प्रतिशत नगद लाभांश (बोनस शेयर कर प्रयोजनको लागि) (हालको चुक्ता पुंजी र हकप्रद शेयर जारी गर्दा बिक्री नभई बांकी रहेको शेयर बिक्री गरी सोमा समेत) वितरण गर्न स्वीकृत गर्ने ।

**२. सानिमा बैंकले बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती गर्ने सम्बन्धमा निम्न प्रस्ताव पारित गर्ने :**

क. सानिमा बैंकले बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती (एक्विजिशन) गर्ने सम्बन्धमा भए गरेका सम्पूर्ण सहमति/सम्झौतापत्रहरु अनुमोदन गर्ने । तत् सम्बन्धमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) मा निवेदन गर्न र प्राप्तीसंग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने आवश्यक सम्पूर्ण कार्यहरु एवं प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने लगायतका कार्य गर्न गराउन बैंकको संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

ख. सानिमा बैंकले बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता श्री एस.आर.पाण्डे एण्ड कं., चार्टर्ड एकाउण्टेण्ट्स्ले तयार गरेको बागमति डेभलपमेन्ट बैंक लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन Due Diligence Audit Report (DDA), व्यवसायिक तथा अन्य आधारमा बागमति डेभलपमेन्ट बैंक लिमिटेडको प्रति शेयर मूल्य रु.४१/-(रुपैया एकचालीस) कायम गरी सोही बमोजिमको सानिमा बैंकको शेयर प्रदान गर्ने गरी प्राप्ती (एक्विजिशन) गर्ने कार्यलाई स्वीकृति प्रदान गर्ने र सोही बमोजिम शेयर जारी गर्ने ।

ग. नियमनकारी निकायबाट अन्तिम स्वीकृति प्राप्त गरे पश्चात बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती (एक्वीजिशन) गरी कारोबार संचालन गर्ने ।

३. बोनस शेयर जारी गरी बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती गरे पश्चात हुने चुक्ता पूँजीमा १०:३ (दश कित्ता बराबर ३ कित्ता) अनुपातमा अर्थात ३० प्रतिशत हकप्रद शेयर जारी गर्न स्वीकृत गर्ने ।

४. बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती गर्दा बैंकको चुक्ता पुँजी वृद्धि हुने भएकाले सोलाई समेत समावेश गर्ने गरी बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गरी प्रवन्धपत्र/नियमावलीमा आवश्यक संशोधन गर्न स्वीकृत गर्ने ।

५. बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग. विविध**

**३. सभाको प्रारम्भ :**

बि.सं.२०७३/६/४ मा सम्पन्न सञ्चालकसमितिको ३०५ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम बाह्रौं वार्षिक साधारणसभामा छलफल एवं निर्णयको लागि पेश गरिएको जानकारी कम्पनी सचिवले गराउनु भयो ।

**४. प्रतिवेदन प्रस्तुतः**

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री विनय कुमार श्रेष्ठले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रीत महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट आ.व.२०७२/७३ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको सञ्चालकसमितिको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो ।

५. प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीहरु श्री ब्यासकुमार शर्मा, श्री अमृतनाथ रेग्मी, श्री कृष्णप्रसाद अधिकारी, श्री उद्धव घिमिरे, श्री राम गोपाल महर्जन, श्री लवराज जोशी र श्री प्रमोद प्रसाद नेपालले आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नु भयो ।

**<u>जवाफ :</u>**

शेयरधनीहरुबाट राख्नु भएका जिज्ञाषाहरुको अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतले स्पष्ट पार्दै शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि आभार प्रकट गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई आगामी दिनमा क्रमशः कार्यान्वयन गर्दै लगिने ब्यहोरा सभा समक्ष राख्नु भयो ।

**६. सभाबाट भएका निर्णयहरुः**

**क. सामान्य प्रस्ताव**

**१. बाह्रौ वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा छलफल भई सर्वसम्मतिबाट पारीत गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ साल आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ साल आषाढ मसान्तको बैंकको वासलात, आ.व.२०७२/७३ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

३. **यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७२/७३ को वित्तीय विवरण सहितको एकीकृत** (Consolidated) **वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।**

आ.व.२०७२/७३ को यस बैंकको एकिकृत (सानिमा क्यापिटल लिमिटेड समेतको) वित्तीय विवरण छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

४. **लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७३/७४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।**

लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक एलडिएसए एशोशिएट चार्टर्ड एकाउन्टेन्टलाई तपसीलमा उल्लेख भए बमोजिम चालू आ.व.२०७३/७४ को लागि लेखापरीक्षकमा नियुक्ति गर्ने तथा निजको पारीश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारीत गरियो ।

**पारिश्रमिक :**

लेखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR) प्रमाणित लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरु) कार्य गरे वापत मूल्य अभिवृद्धि कर सहित एकमुष्ट रु.१३,००,०००/- (रुपैया तेह्र लाख) उपलब्ध गराउने । यस बाहेक अन्य कुनै सुविधा तथा खर्च उपलब्ध गराईने छैन ।

## (ख) विशेष प्रस्तावहरु :

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १५ (पन्ध्र) प्रतिशतका दरले वोनस शेयर र ०.७९ प्रतिशत नगद लाभांश (बोनस शेयर कर प्रयोजनको लागि) (हालको चुक्ता पुँजी र हकप्रद शेयर जारी गर्दा बिक्री नभई बांकी रहेको शेयर बिक्री गरी सोमा समेत) वितरण गर्न स्वीकृत गर्ने ।

बाह्रौं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघिसम्म कायम रहेका शेयरधनीहरु र हकप्रद शेयर जारी गर्दा बिक्री नभई बांकी रहेको शेयर समेत लिलाम बिक्री गरी कायम भएको चुक्ता पूँजीको १५(पन्ध्र) प्रतिशत (रु.६८,८५,६४,८००/-) वोनस शेयर र ०.७९ प्रतिशत नगद लाभांश (बोनस शेयर कर प्रयोजनको लागि) वितरण गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

२. **सानिमा बैंकले बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती गर्ने सम्बन्धमा निम्न प्रस्तावमा सभामा छलफल भई पारित गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो :**

क. सानिमा बैंकले बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती (एक्विजिशन) गर्ने सम्बन्धमा भए गरेका सम्पूर्ण सहमति/सम्झौता पत्रहरु अनुमोदन गर्ने । तत् सम्बन्धमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) मा

निवेदन गर्ने र प्राप्तीसंग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने आवश्यक सम्पूर्ण कार्यहरु एवं प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन बैंकको संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो ।

ख. सानिमा बैंकले बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता श्री एस.आर.पाण्डे एण्ड कं.,चार्टर्ड एकाउण्टेण्ट्स्‌ले तयार गरेको बागमति डेभलपमेन्ट बैंक लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन Due Diligence Audit Report (DDA), व्यवसायिक तथा अन्य आधारमा बागमति डेभलपमेन्ट बैंक लिमिटेडको प्रति शेयर मूल्य रु.४१/- (रुपैया एकचालीस) कायम गरी सोही बमोजिम बागमति डेभलपमेन्ट बैंक लिमिटेडको १००/- (एकसय) कित्ता शेयर बराबर सानिमा बैंक लिमिटेडको ४१ (एकचालीस) कित्ता शेयर प्रदान गर्ने गरी प्राप्ती (एक्विजिशन) गर्ने कार्यलाई स्वीकृति प्रदान गर्ने र सोही बमोजिम शेयर जारी गर्न सर्वसम्मतिबाट निर्णय पारीत गरियो ।

**ग. नियमनकारी निकायबाट अन्तिम स्वीकृति प्राप्त गरे पश्चात बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती (एक्वीजिशन) गरी कारोबार संचालन गर्ने ।**

यस बैंकले बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती (एक्विजिशन) गर्नको लागि आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) मा निवेदन गर्न र प्राप्तीसंग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिई बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई सानिमा बैंक लिमिटेडमा प्राप्ती गरि कारोबार संचालन गर्न यस बैंकको संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

३. बोनस शेयर जारी गरी बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती गरे पश्चात हुने चुक्ता पूँजीमा १०:३ (दश कित्ता बराबर ३ कित्ता) अनुपातमा अर्थात ३० प्रतिशत हकप्रद शेयर जारी गर्न स्वीकृत गर्ने ।

बोनस शेयर जारी गरि बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती गरे पश्चात कायम हुने चुक्ता पूँजीमा १०:३ (दश कित्ता बराबर ३ कित्ता शेयर) अनुपातमा अर्थात ३० प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारीत गरियो ।

हकप्रद शेयर जारी गर्दा खण्डित शेयर भएमा सो खण्डित शेयरलाई छुट्टै राखि खण्डित भएको शेयरलाई माथिल्लो अंकमा परीणत गरी शेयरधनीहरुलाई शेयर उपलब्ध गराई पूंजी संरचना मिलाउन आबश्यक थपघट संशोधन, सच्याउने मिलाउने आदि सम्पूर्ण कार्य गर्न सक्ने गरी सम्पूर्ण अख्तियारी संचालक समितिलाई दिने निर्णय सर्वसम्मतिबाट पारीत गरियो ।

**४. बागमति डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ती गर्दा बैंकको चुक्ता पुँजी वृद्धि हुने भएकाले सोलाई समेत कायम गर्ने गरी बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गरी प्रवन्धपत्र/नियमावलीमा आवश्यक संशोधन गर्न स्वीकृत गर्ने ।**

बैंकको अधिकृत, जारी तथा चुक्ता पुँजीलाई तल उल्लेख भए बमोजिम वृद्धि गरी प्रबन्धपत्रमा संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

- दफा ५(क): बैंकको अधिकृत पूँजी रु.९,००,००,००,०००/-(रुपैया नौ अर्ब रुपियाँ) हुनेछ । उक्त पूँजीलाई रु.१०० का दरका ९,००,००,००० (नौ करोड) थान साधारण शेयरमा विभाजन गरिएकोछ ।

- दफा ५(ख): बैंकको जारी पूँजी रु.६,८९,७६,३४,०००/- (रुपिया छ अर्ब उनानब्बे करोड छैहत्तर लाख चौतीस हजार मात्र) हुनेछ । जसलाई रु.१०० का दरका ६,८९,७६,३४० थान साधारण शेयरमा विभाजन गरिने छ ।

- दफा ५(ग): बैंकको चुक्ता पूँजी रु.६,८९,७६,३४,०००/-(रुपिया छ अर्ब उनानब्बे करोड छैयहत्तर लाख चौतीस हजार मात्र) हुनेछ ।

**५. बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।**

उक्त कार्यका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**७. <u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन :</u>**

शेयरधनी महानुभावहरुको सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा सञ्चालकसमिति, लेखापरीक्षणसमिति, सम्वन्धित निकाय, पदाधिकारी एवं व्यवस्थापन तथा कर्मचारीवर्गलाई यस सभामा आ-आफ्ना ठाउँबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बैंकको कारोबार, संचालन एवं प्रगतिका लागि सबैवाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखी अध्यक्षज्यूले बाह्रौ वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नु भयो ।

रुद्रप्रसाद बन्जारा
कम्पनी सचिव

विनय कुमार श्रेष्ठ
अध्यक्ष

**मिति : २०७३/०६/२८**